हे बिलाल! नमाजको कायम/आह्वान गर (अजान देऊ) र यसद्वारा हामीलाई शान्ति दिऊ ।

सालिम बिन अबु जाअ्दले बयान गरेका छन्, एक व्यक्तिले भने : म नमाज पढेर राहत पाउन चाहन्छु । तर उनीहरूले उनको भनाइलाई नराम्रो रूपमा लिए । उनले भने, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, उहाँले भन्नुभयो : "हे बिलाल!
नमाजको कायम/आह्वान गर (अजान देऊ) र यसद्वारा हामीलाई शान्ति दिऊ ।"
[सही] [अबू दाऊदले वर्णन गरेका छन्]

एक सहाबीले भने: म नमाज पढेर राहत पाउन चाहन्छु, तब वरपरका केही मानिसहरूले उनको भनाइलाई नराम्रो ठाने । त्यसपछि उनले भने, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, उहाँले भन्नुभयो : ए बिलाल! नमाज लागि अजान देऊ र नमाज कायम गर, ताकि हामीले यसबाट शान्ति पाउन सकौं; किनभने नमाज मा अल्लाहसँग कुराकानी हुन्छन् र आत्मा र हृदयलाई शान्ति मिल्छ ।

http://www.sunnah.global/hadeeth/ne/show/65095